**Project Update: July 2018**

**Dolphin count records, July 2018**

| Census area | Male | Female | Infant | Adult only | Total | Others |
|---|---|---|---|---|---|---|
| Kandha Maranaiha | - | - | - | - | 0 | Crocodile, snake… |
| Patharaiya/Gairinala | - | - | 2 | 2 | 4 | |
| Patharaiya/Kadha | 1 | 1 | 1 | 1 | 4 | Crocodile, birds |
| Mariyaghat, Mohana | - | - | | 1 | 1 | Boats, human |
| Sonaphata bridge, Patharaiya | 1 | 1 | 1 | - | 3 | Trees |
| Mohana Rapti nala | - | - | 2 | 2 | 4 | |
| Mohana Kushumghat | 1 | 1 | - | - | 2 | |
| Mohana Kandra Dovan | 1 | 1 | 1 | - | 3 | |
| Kushumghat Durga Ma.Vi | - | 1 | 1 | - | 2 | Forest across |
| Kala Kunda | - | - | - | 3 | 3 | Buffalo wallowing |
| Patharaiya Dam site | - | 1 | 1 | - | 2 | |
| Mohana/Patharaiya Dovan | 1 | 3 | 3 | - | 7 | Crocodile, Buffalo |
| Badi Patharaiya | - | - | - | - | 0 | Ships (Easternmost) |
| Dibbipur ghat | - | 1 | - | 1 | 2 | Water holes deep |
| Mohana Karnali confluence | - | - | - | 2 | 2 | Embankment |
| Beluwaghat, Sunsuniya | 1 | - | - | - | 1 | BP park |
| Patharaiya Kuleriya | - | - | - | - | 0 | High Saccarum |
| Patharaiya Jamara | - | - | - | - | 0 | |
| Mohana Khakraulaghat | 1 | - | - | - | 1 | Mugger, fisher women |
| Patharaiya Jharan | - | - | - | 1 | 1 | |
| Kharaula Bridge | - | - | - | 2 | 2 | Peacocks |
| Mohana Telahadhar | - | - | - | 1 | 1 | |
| Kauwa khera | - | - | - | 1 | 1 | |
| Kala Patal | - | - | - | - | 0 | |
| Gulariya Ghat (I) | - | - | - | - | 0 | |
| Lal Bojhi Ghat | - | - | - | - | 0 | |
| Muhawa Ghat | - | - | - | - | 0 | |
| Gulariya Ghat (II) | - | - | - | - | 0 | A lot people crossing |
| Halaunababa Ghat | - | - | - | 1 | 1 | Going upward |
| Bakturi Ghat | - | - | - | 1 | 1 | Ship moving |
| Himmatpur Ghat | - | - | - | - | 0 | |
| Anjali Ghat | - | - | - | - | 0 | |
| Kandra Karbala Ghat | - | - | - | - | 0 | |
| Kanhaiyapur Ghat | - | - | - | - | 0 | |
| Chhotki Paliya | - | - | - | - | 0 | Mugger, Westernmost |
| Kataini Mohana | - | - | - | - | 0 | Crocodile |
| **Total** | **7** | **10** | **12** | **19** | **48** | |
| 15 Ghat has not detected, 21 Ghat has dolphin; water level normal while no rain since a week. Average presence more than two if calculated only presence area. | | | | | | |

# कैलालीको नदीमा
# डल्फिन गणना



कैलालीको पथरैया नदीमा देखिएको डल्फिन।

तस्विर : अविनाश चौधरी/धनगढी

▪ अविनाश चौधरी / धनगढी

धनगढी, साउन १२ गते। वर्खा याममा कैलालीको विभिन्न नदीमा देखिने दुर्लभ गङ्गेटिक प्रजातिका डल्फिनको शनिबार गणना गरिएको छ।

स्थानीय डल्फिन संरक्षण केन्द्र, कैलालीको सहकार्यमा नेपाल जैविक विविधता समाजले डल्फिनको गणना गरेको हो। गणना कार्यमा स्थानीय संरक्षणकर्मी सहित वन्यजन्तुविज्ञको टोली खटेको थियो। विभिन्न नदीको ३७ वटा घाटमा एकनाथ डल्फिनको गणना गरिएको छ। गणनाको क्रममा २४ वटा घाटमा बयस्क, बच्चा सहित ४७ वटा डल्फिन देख्न परेको वन्यजन्तुविज्ञ समेत रहनुभएका समाजका अध्यक्ष डा. मुकेशकुमार चालिसेले जानकारी दिनुभयो। उहाँले १३ वटा घाटमा भने डल्फिन फेला नपरेको बताउनुभयो।

सबैभन्दा बढी बेदी स्थित मोहना-पथरैया नदीको दोभान डल्फिन देख्न परे, डा. चालिसेले भन्नुभयो, नदीमा पानी कम भएकाले १३ ठाउँमा भने डल्फिन देखिएनन्। शनिबार बिहान ७ बजेदेखि १० बजेसम्म तीन घण्टा डल्फिन गणना गरिएको हो। पथरैया नदीको बाणी घाटसम्म, मोहना नदीको माथिल्लो क्षेत्र छोटी पलियासम्म र तल्लो तटीय क्षेत्रमा मोहना-कर्णाली मिल्ने ठाउँसम्म डल्फिन गणना गरिएको डल्फिन संरक्षण केन्द्र कैलालीका सचिव विजयराज श्रेष्ठले जानकारी दिनुभयो। उहाँले नदीमा पानीको सतह कम हुँदा पनि राम्रो सङ्ख्यामा डल्फिन देखिएको बताउनुभयो।

यसअघि, सन २०१६ मा वर्खा याममा नै गर्दा यहाँका विभिन्न नदीमा बच्चा र वयस्क सहित ६२ डल्फिन अभिलेख गरिएको थियो। वर्खा याममा कैलालीमा डल्फिनको उपस्थिति राम्रै हुने गरे पनि अरु बेला गहिराई खोज्दै तल जाने गरेको विज्ञको बुझाइ छ। डल्फिन गणना कार्यमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक समेत रहनुभएका जैविक विविधता समाज नेपालका सदस्य सुनिल खतिवडा सहित स्थानीय संरक्षणकर्मीको सहभागिता रहेको थियो।

कैलालीमा विगत दुई दशकदेखि संरक्षणकर्मी भोजराज श्रेष्ठ (गुलेली बाजे) को नेतृत्वमा डल्फिनको संरक्षण भइरहेको छ। यो कार्यमा स्थानीयको सहभागिता बढ्दैगएको छ।

स्थानीयस्तरबाट संरक्षणको प्रयास प्रशंसनीय भए पनि नदीको गहिराई घट्दै जानु, ठूलो जालको प्रयोगले माछा मारिनु, विषादी हाल्नु लगायतका कारणले चुनौती पनि थपिँदै गएको डा. चालिसेले बताउनुभयो। 'डल्फिन संरक्षण गर्नका लागि सबैभन्दा पहिले नदीको गहिराइलाई नै जोगाउन जरुरी छ, उहाँले भन्नुभयो।

विश्वमै दुर्लभ मानिएको स्वच्छ पानीमा मात्रै बस्न रुचाउने गङ्गेटिक डल्फिनलाई कैलालीमा नजिकबाट अवलोकन गर्न पाईन्छ। यस वर्ष अहिलेसम्म पाँचजना विदेशी आएर डल्फिन अवलोकन गरेको डल्फिन उप-संरक्षण केन्द्रका भोजराज ढुङ्गानाले जानकारी दिनुभयो।

उहाँका अनुसार इङल्याण्डका जोनी स्पार्शटको लगातार डल्फिन अवलोकन गर्दै आएको यसपटक १० वर्ष पुगेको छ। यसैगरी, डेनमार्क र क्यानडाका दुई/दुई जना विदेशी पर्यटक आएर डल्फिन अवलोकन गरेका छन्। स्वदेशी अवलोकनकर्ताको सङ्ख्या भने हालसम्म दुई सयभन्दा बढी पुगेको छ, ढुङ्गानाले भन्नुभयो।

Article covered by National Daily paper on Dolphin related activities



Infographic session on distribution, status and conservation issues on fresh water River Dolphins in colleges and high Schools



Documentation and video making by NFEJ



Different part of river segment where Dolphin observation and census has been carried out






Community participation for Dolphin census and awareness with local people and students.